# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११] काठमाडौं, मार्ग २१ गते २०१८ साल [अतिरिक्ताङ्क २८(क)

**श्री ५ को सरकार**

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

**श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

**२०१८ सालको ऐन नं. २६**

**स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड-मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम विजङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।**

### नेपाल विशेष अदालत ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** नेपाल विशेष अदालत ऐन, २०१३ (समय समयमा भएका संशोधनहरू-सहित) (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,



१६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम नेपाल विशेष अदालत (संशोधन) ऐन, २०१८ रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा २ मा संशोधनः मूल ऐनको दफा २ को–

(१) उपदफा (१) मा रहेको "उच्च अदालत वा जिल्ला अदालत स्तरको" भन्ने शब्दहरू झिकिएको छ।

(२) उपदफा (४) मा रहेको "उच्च अदालत स्तरको विशेष अदालत भए सर्वोच्च अदालतमा र जिल्ला अदालत स्तरको विशेष अदालत भए उच्च अदालतमा साधक हुनेछ" भन्ने शब्दहरूको सट्टा 'सर्वोच्च अदालत डिभिजन बेन्चमा साधक हुनेछ" भन्ने शब्दहरू राखिएको छ।

(३) उपदफा (५) को सट्टा देहाय बमोजिमको उपदफा (५) राखिएको छ –

(५) यस दफा बमोजिम गठित विशेष अदालतले आपनो अवहेलनामा कारवाइ चलाउन सक्नेछ र अदालतको अवहेलना ठहराएमा ने.रु. २००० सम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

तर विशेष अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा निजलाई सो अदालतले रिहाइ दिन वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न सक्नेछ।

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को उपदफा (२) मा रहेको "झगडियाको निमित्त" भन्ने शब्दहरू र "७ सात दिनसम्मको" भन्ने शब्दहरूको बीचमा "विदेशमा रहेको भए २५ पच्चीस दिनसम्मको र नेपाल अधिराज्यभित्र रहेको भए" भन्ने शब्दहरू राखिएको छ।

४. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को खण्ड (घ) पछि देहाय बमोजिमको खण्ड (ङ) र (च) थपिएको छः–

(ङ) अडालती कारवाइ (विविध व्यवस्था) ऐन, २०१७ मा जुनसुकै कुरा लेखिएको भए तापनि अभियुक्तलाई थुनामा राख्नुपर्ने लागेमा थुनामा राखी मुद्दा मामिलाको कारवाइ गर्न, र

(च) नेपाल कानून बमोजिम मिलापत्र हुनसक्ने मुद्दा मामिलामा मिलापत्र गर्दा मुद्दाको कुनै पक्ष बक्सौनीको सबै वा केही अंश तिर्न असमर्थ छ भन्ने लागेमा बक्सौनीको सबै वा केही अंश निजको हकमा नलाग्ने गर्न सक्नेछ।

१६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ मा रहेको "उच्च अदालत स्तरको विशेष अदालत उपर सर्वोच्च अदालतमा र जिल्ला अदालत स्तरको विशेष अदालत उपर उच्च अदालतमा" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालत डिभिजन बेन्चमा" भन्ने शब्दहरू राखिएको छ ।

६. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्क्रय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनछ ।

७. भैरहेका विशेष अदालतहरू: यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल विशेष अदालत ऐन, २०१३ र समय समयमा सो ऐनमा भएका संशोधन बमोजिम गठित विशेष अदालतहरू यो ऐन बमोजिम गठन भएका विशेष अदालत सम्झिने छन् ।

इति सम्वत् २०१८ साल गते रोज शुभम् –

लालमोहर सदर मितिः २०१८।८।२१।४ मा

आज्ञाले–

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव

कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जान कारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. २७

स्वस्तिश्री गिरिराज चक्रचडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड-मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

## राष्ट्रऋण उठाउने अधिकारको निमित्त बनेको एन

प्रस्तावनाः– आर्थिक वर्ष २०१८।१९ को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न संचितकोष वा अन्य सरकारी कोष धितोराखी श्री ५ को सरकारले राष्ट्रऋण उठाउने अधिकारको व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र नेपाल विशेष व्यवस्था ऐन, २०१७ को दफा ६ को उपदफा(२) मा नेपाल कानूनले दिएको अधिकारले बाहेक संचितकोष वा अन्य सरकारी कोष धितो राखी ऋणे ऋण लिन नहुने गरी व्यवस्था गरिएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यो ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०१८" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्र ऋण उठाउने अधिकारः– (१) आर्थिक वर्ष २०१८।१९ को निमित्त श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वित गर्न श्री ५ को सरकारले नेपाली रुपैयां तीन करोडमा नबढ्ने गरी जम्मा त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

(२) उपदफा (१) अन्तर्गत उठाइएको राष्ट्र ऋणको सांवा र व्याज बापतको रकम संचितकोष वा अन्य सरकारी कोष प्रति व्ययभार हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत उठाइएको राष्ट्रऋणको सांवा र व्याज भुक्तान गर्ने अवधि र सो ऋणको व्याजको दर आदि कुराहरू राष्ट्र ऋण ऐन, २०१७ बमोजिम हुनेछ ।

३. बचाउः– नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यस ऐन अन्तर्गत भए गरेको काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ।

इतिसंबत् २०१८ साल गते रोज शुभम्––

लालमोहर सदर मितिः २०१८।८।२१।४ मा

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

९८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. २८

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड-मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## भूमि सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः भूमि सम्बन्धी ऐन, २०१४ ( यस पछि "मल ऐन" भनिएको ) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "भूमि सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०१८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (७) पछि निम्न-लिखित प्रतिबन्धात्मक वाक्यांश थपिएको छ–

"तर कुनै सुरक्षित किसानले जग्गावालालाई बुझाउनु पर्ने कूत तिरो दफा ७ को उपदफा (२) बमोजिम इलाका माल अड्डामा धरौट राखीछाडेकोमा त्यस्तो धरौटी जग्गावालाले बुझ्नु पर्ने हो वा होइन त्यसको टुंगो नलागेसम्म सो किसानको हक बेच बिखन वा दान दातव्य इत्यादि भएको कागज कुनै इलाका माल अड्डा वा रजिष्ट्रेशन अड्डाले त्यस्तो धरौटी रसीदको आधारमा उक्त लिखत पास गरिदिन हुंदैन र गरिदिएको रहेछ भने पनि बदर हुनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) बमोजिम यो ऐन निष्क्रय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानिई यस ऐन अन्तर्गत भए गरेका काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इति सम्बत् २०१८ साल गते रोज शुभम्

लालमोहर सदर मिति २०१८।८।२१।४ मा

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित

९५५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार